# मनरा शिसवा नगरपालिकाको एघारौं (११ औ ) नगरसभामा
## २०८० साल असार ०९ गते शनिवार
## नगर प्रमुख श्री मोहन पाण्डेय वाट प्रस्तुत नीति ,कार्यक्रम तथा बजेट

# आर्थिक वर्ष २०८०/८१ को नीति ,कार्यक्रम तथा बजेट

मनरा शिसवा नगरपालिका

मनरा ,महोत्तरी

## नगर उप-प्रमुख तथा नगर सभा सदस्यज्यूहरु ,

नेपालको संविधानमा मुलुकको राष्ट्रिय हित, सामाजिक न्याय सहितको लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समतामूलक, सबल र समृद्ध नेपालको निर्माण गर्न संस्थागत प्रबन्ध गरिएको छ। संघीयताको कार्यान्वयन पश्चात् स्थानीय तहको स्थापना भइ दोश्रो कार्यकालको लागि मिति २०७९ साल वैशाख ३० गते निर्वाचन सम्पन्न भएको थियो ।निर्वाचनबाट नगरबासीहरुले हामीलाई दिनुभएको जिम्मेवारी बमोजिम मनरा शिसवा नगरपालिकाको आर्थिक बर्ष २०८०÷८१ को वार्षिक नीति ,कार्यक्रम तथा बजेट यस गरीमामय सभा समक्ष प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवान्वित भएको छु।यस घडीमा नेपाली जनताले मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधिनता, स्वाभिमान, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि गरिएको बलिदानको स्मरण गर्दै ज्ञात अज्ञात शहिद र पिडित नागरिकहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपालमा शासकीय शक्ति संघ, प्रदेश र स्थानीय तहमा विभाजन भएको र जनताको नजिकको सरकारको रुपमा चिनिने स्थानीय तहको शासकीय व्यवस्था संचालनको लागि हामी संघीयता कार्यान्वयन पछिको दोस्रो कार्यकालको सुरुवातमा छौं । हामीलाई आफ्नो अमूल्य मत दिई निर्वाचित गर्नुहुने समस्त नगरबासी आमाबुवा, दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

मनरा शिसवा नगरपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा निरन्तर रुपमा अघि बढ्न नगरपालिका दृढ रहेको छ ।

नगरका नीति तथा कार्यक्रम कार्यान्वयनको क्रममा रहेको आर्थिक वर्ष २०७९/८० मा नबौ (९ औ ) नगर सभाबाट स्वीकृत नीति तथा कार्यक्रमहरु कार्यान्वयनको अन्तिम चरणमा छन् ।

अब म २०७९/८० आर्थिक वर्षमा सम्पादन भएका महत्वपूर्ण क्रियाकलापहरुलाई बुँदागत रुपमा पेश गर्ने अनुमति चाहान्छु ।

१. बजेट खर्चको अवस्था :- नगरपालिकाबाट आर्थिक वर्ष २०७९÷८० का लागि करिब ५३ करोड रुपैयाँको बजेट सार्वजनिक गरिएकोमा आर्थिक वर्षको अन्तसम्म करिब ९०% कार्यान्वयन हुने देखिएको छ ।
२. गत बिगतको बेरुजु :- नगरपालिका स्थापनाकाल देखि आ.व. ०७८/०७९ सम्म करिब ६१ करोड बेरुजु देखिएकोले बेरुजु रकम सम्बन्धमा कार्य योजना बनाइ अगाडी बढ्ने प्रयास भैरहेको छ ।
३. सडक पिसीसी योजना :- 'नगरका सबै बाटोलाई व्यवस्थित र स्तरउन्नती गराउने योजना अनुसार आर्थिक वर्ष २०७९÷८० मा प्राय सबै वडामा काम सम्पन्न भएको छ ।
४. सार्वजनिक सेवा प्रवाह र सुशासन :- स्थानीय तहको सेवा संचालन ऐन २०७४ बमोजिम नगर तथा वडा कार्यालयहरुबाट सम्पादन हुने कामहरु कार्यालयहरुबाट नै सम्पादन हुने व्यवस्था मिलाएको छु ।सम्पूर्ण आर्थिक कारोबार पूर्ण रुपमा बिधुतिय प्रणाली बाट नै हुदै आएको छ ।
५. सार्वजनिक जग्गा/पोखरीहरुको लगत संकलन कार्य :- नगरपालिका भित्रको सार्वजनिक÷सरकारी जग्गाको लगत संकलन कार्य शुरु गरिएकोछ र यसकार्यलाई निरन्तरता दिइनेछ ।
६. तथ्यांक संकलन :- नगरभित्रका अव्यवस्थित, सुकुम्बासी तथा भूमिहीन नागरिकको तथ्यांक संकलन कार्य सबै वडाहरुमा भैरहेको छ । यस्तै नगरको जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास

तथा लैङ्गिक सशक्तिकरण सूचकाङ्क, सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति भवन, सडक, पसल, व्यवसायको विवरण सहितको तथ्यांक अभिलेख अद्यावधिक गर्नको लागि अध्ययन कार्य सम्पन्न भएको छ ।

७. सरसफाई अभियानलाई नियमितता प्रदान :- नगरलाई सफा, सुन्दर र हरभरा बनाउन सरसफाई अभियानलाई " ग्रिन मनरा, क्लीन मनरा " तथा "पवित्र,सुन्दर,हरित तथा समृद्ध मनरा " भन्ने नाराका साथ नियमित कार्य गरिनेछ ।

८. मुल सडक तथा अन्य सडक व्यवस्थापन :- नगरपालिकाक्षेत्र भित्र रहेका मुल सडक तथा अन्य सडकहरुमा अतिक्रमण गरि पशल तथा अन्य सामग्री राखने लाई यस आ.व. २०७९ /०८० देखि निरुत्साहित गरीएको र यस कार्यलाई निरन्तरता दिइनेछ ।

९. स्थानीय शिक्षा :- नगरको शिक्षालाई थप व्यवस्थित र गुणस्तरीय बनाउने गरी आवश्यक नीतिगत व्यवस्था गरी विभिन्न कार्यहरु सम्पन्न गरिएको छ । विभिन्न सामुदायिक तथा निजी विद्यालयहरुको नियमित अनुगमन गरिएको छ ।

१०. नगरका सबै सामुदायिक विद्यालयको बाल विकास शिक्षाका सबै बालबालिकाहरुलाई निःशुल्क खाजा र पाठय पुस्तक को व्यवस्था नेपाल सरकारको सशर्त अनुदानबाट मिलाइएको छ ।

११. विषयगत शाखा व्यवस्थापन :- योजना ,प्रशासन ,राजश्व ,शिक्षा, सहकारी, स्वास्थ्य, महिला विकास लगायतका विषयगत शाखा स्थापना भई विषयगत रुपमा कार्यसम्पादन भैरहेका छन् ।

१२. स्थानीय कानून :- नगरपालिकाले विभिन्न ऐन,कानुन,कार्यविधिहरु तयार गरी नगरसभामा बाट पारित भए पछी स्थानीय राजपत्रमा प्रकाशन गरि लागु गर्ने व्यवस्था मिलाईएको छ । नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका सार्वजनिक महत्वका कार्यक्रमलाई उपलब्धिमुलक, मितव्यायी, छिटो– छरितो, समयसापेक्ष बनाउन सार्वजनिक महत्वका कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका जारी गरिएको छ ।

१३. स्थानीय न्याय सम्पादन :- प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी न्यायिक समितिले स्थानीय न्याय सम्पादनको काम शुरुवात गर्न समिति गठन भै कार्य शुरुवात गर्ने व्यवस्था मिलाईएको छ । न्यायिक समितिको सचिवालयको स्थापना, न्याय सम्पादनका कार्यविधिहरुको प्रकाशन लगायतका कामहरु शुरुवात भएका छन् ।

१४. भगिनी सम्बन्ध :- कृषि, उद्योग, वाणिज्य, विज्ञान तथा प्रविधि र सांस्कृतिक क्षेत्रमा सहयोग आदान प्रदान गर्नुका साथै अन्तर्राष्ट्रिय शहरहरुसँगको सम्बन्ध विस्तार गरी नगरपालिकाको पहिचान स्थापित गर्ने उद्देश्यले विभिन्न देशका शहरहरुसँग नेपाल सरकारको स्वीकृती लिई भगिनी सम्बन्ध राख्नको लागि आवश्यक गृहकार्य भैरहेकोछ ।

१५. व्यवस्थित सहरीकरणका लागि " ल्याण्ड पुलिङ " को अवधारणा :-व्यवस्थित र योजनाबद्ध सहरीकरणका लागि नगरपालिकाले 'ल्याण्ड पुलिङ प्रोजेक्ट " को अवधारणा अघि सारेको छ । " ल्याण्ड पुलिङ " का सन्दर्भमा नगरपालिकाले विज्ञसँग छलफल भैरहेकोछ ।

१६. प्राथमिकतामा रहेका सडकको राइट अफ वे निर्धारण :- नगर क्षेत्र भित्रका सडकहरुलाई कम्तिमा ४ मिटर निर्धारण गरेर प्राथमिकीकरणका साथ शहरी शासन तथा पूर्वाधार विकास आयोजनालाई विस्तृत परियोजना प्रतिवेदन तयार पार्न कार्यको अगाडी बढाइएको छ ।

१७. व्यवसायीलाई करको दायरामा ल्याउन वडा– वडामा शिविर :- सबै प्रकारका व्यवसायलाई करको दायरामा ल्याउनुका साथै तिनीहरुको तथ्यांक अद्यावधिक राख्न वडा– वडामा पुगेरै व्यवसाय दर्ता गर्ने प्रयास गरिएको छ ।

१८. अन्य केन्द्रिय निकाय बाट निमार्ण भइरहेका पुर्वाधार :- यस नगरपालिका क्षेत्रभित्र बिभिन्न सरकारी तथा गैर सरकारी निकायबाट निर्माणाधिन आयोजनाहरुको अनुगमनमा विशेष प्राथमिकताकासाथ अनुगमन गरिएको र यसकार्यलाई निरन्तरता दिइनेछ ।

१९. नगरपालिकाको अधिकांश वडाका विभिन्न टोलहरुमा टावरलाईट तथा बलब हरु जडान गरि उज्यालो नगर, टोलको रुपमा विकास गरिएको छ । यस कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

२०. मनराशिसवा नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका बनाईने कार्यक्रमलाइ अगाडी बढाइएको छ ।

२१. सामुदायीक विद्यालयहरुमा आधारभुत तह सम्म संस्कृत विषय अध्यापन कार्यलाई निरन्तरता दिइनेछ ।

२२. यस पालिका भित्र "नशामुक्त युवा अभियान" कार्यलाई निरन्तरता दिइनेछ ।

२३. नगरपालिका भित्र सञ्चालित बर्थिङ्ग सेन्टरमा सुत्केरी हुने महिला लाई निशुल्क सुपानेट झुल वितरण तथा एम्बुलेन्स सेवा लाई निरन्तरता दिइने छ ।

२४. आयुर्वेद औषधालयलाई चिकित्सक सहितको सुविधा सम्पन्न आयुर्वेद केन्द्रको रुपमा विस्तार गर्न निरन्तरता दिइनेछ ।

२५. रोग अनुसारको याग शिविर सञ्चालन कार्य लाइ निरन्तरता दिइनेछ ।

२६. नगरपालिकाको प्रशासकीय भवन, मनरा र सरपल्लो मा.वि.मा चार कोठे भवन कार्य सम्पन्न हुने क्रममा रहेको तथा १५ बेड अस्पताल भवन निर्माणकार्य लाई चाडै सम्पन्न गर्न जोड दिइनेछ ।

२७. पालिकामा एक २४ घण्टा सेवा सहितको इमरजेन्सी स्वास्थ्य सेवा लाई निरन्तरता दिइनेछ साथै संचालनमा रहेका ३ बर्थिंग सेन्टर लाई थप ब्यबस्थित गरि कम्तिमा थप २ वटा बर्थिंग सेन्टर संचालन मा ल्याइनेछ ।

यसै क्रममा आ.व. ०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेटको तयारीका लागि जुटेका छौं । प्रचलित कानून बमोजिम विगत वर्षमा स्वीकृत भएका नीति तथा कार्यक्रमलाई समेत आधार मान्दै आम नगरवासीको चाहना वमोजिम आगामी आ.व. का नीति तथा कार्यक्रम तयार गरेका छौं । नगरका संयन्त्रलाई गतिशील, सहभागितामूलक र जवाफदेही बनाउँदै उपलब्ध हुन सक्ने साधन स्रोतहरुको आधारमा आर्थिक बर्ष २०८०÷८१ को नीति तथा कार्यक्रम तय गरिएको र यसले नगरको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु ।

नगरपालिकाले आ.ब.२०८०÷८१ को बार्षिक नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा नेपालको संविधान, संघीय सरकार र प्रदेश सरकारका चालु आवधिक योजनाहरु, दीगो विकासका लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय सरकार र प्रदेश सरकारको मार्गदर्शन, नगरपालिकाको आवधिक योजना, स्थानीय तहको स्वमूल्यांकनका सूचकहरु, मनरा शिसवा नगरपालिकामा गठित विभिन्न बिषयगत समितिहरुबाट भएका निर्णयहरु, नगरपालिकाले आयोजना गरेको आ.ब. २०८०÷८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेट तयारी सम्बन्धी प्राप्त राय सुझाबबाट प्राप्त मार्गदर्शनहरु तथा समाजका अगुवाहरुबाट निरन्तर रुपमा दिने राय सुझावका आधारमा यो वार्षिक नीति ,कार्यक्रम तथा बजेट तयार गरी यस सम्मानित सभामा पेश गरेको छु ।

सम्मुन्नत, सफा तथा हरियाली नगर , मनरा शिसवा बासीको रहरलाई साकार पार्न प्रस्तुत नीति तथा कार्यक्रममा प्राथमिकताहरु देहाय बमोजिम हुनेछन्

१. बहुवर्षीय र क्रमागत योजनाहरु, नगरका गौरवका योजनाहरु र अन्य आवश्यक पूर्वाधार निमार्णमा जोड दिईनेछ ।
२. शिक्षा, स्वास्थ्य तथा समावेशी विकासमा जोड दिईनेछ ।
३. कृषि, पशु विकास, सहकारी, पर्यटन र उद्योग(व्यापारको विकासमा जोड दिईनेछ ।
४. वातावरण संरक्षण, पर्यावरणीय प्रवर्द्धनमा जोड दिईनेछ ।
५. सुशासन र संस्थागत विकासमा जोड दिईनेछ ।
६. डिजेल/पेट्रोल बाट चल्ने पालिकाको सबारी साधन विस्थापित गरि विधुतीय सबारी साधन खरिद तथा विधुतीय चार्जिंग स्टेशन स्थापना गर्न पहल गरिने छ ।
७. पालिकाको स्थापना काल देखि आ.व.२०७८/७९ सम्मको महालेखापरीक्षकको कार्यालय बाट भएको लेखापरीक्षण बाट करिब ६१ करोड बेरुजु कायम भएको देखिएकोले आवश्यक योजना तयारगरि सम्परीक्षण तथा असुली प्रक्रिया अगाडी बढाउने ।
८. नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा धार्मिक सांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न यस नगरपालिका दृढ छ । हामीहरु योजनाबद्ध र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु हुनुपर्छ भन्नेमा प्रतिबद्ध छौं । 'मालिक होइन, सेवक हौं भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्गदर्शनका रुपमा ग्रहण गरेका छौं ।
९. आर्थिक वर्ष २०८०÷२०८१ को नीति तथा कार्यक्रमको लक्ष्य " समृद्ध नगर , खुशी नगरबासी " रहेको छ । यस नीति तथा कार्यक्रम संघीयताको कार्यान्यनसँगै सिंहदरबारको अधिकार जनताको बीचमा पुर्याउन कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ ।

नगर उप-प्रमुख तथा नगर सभा सदस्यज्यूहरु ,

अब म क्षेत्रगत रुपमा वार्षिक नीति ,कार्यक्रम तथा बजेट पेश गर्दछुः

क.आर्थिक विकास तर्फः-

१. उद्योग, व्यापार, पर्यटन, कृषिलाई नगरको प्रमुख आर्थिक विकासको आधारको रुपमा लिइ सोही अनुसार विकास गर्दै लगिनेछ ।
२. सहकारी संस्थाबाट युवा उद्यमी तथा स्वरोजगारहरुलाई सहुलियत कर्जा उपलब्ध गराउने नीति लिईनेछ । यसका लागि सहकारी संस्थालाई थोक कर्जा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।
३. एक व्यक्ति एक विषयगत सहकारी नीतिलाई बढावा दिई सहकारी संस्थाहरुको एकीकरण कार्यलाई जोड गरिनेछ ।
४. नगर क्षेत्रमा सहकारीद्वारा प्रवर्द्धित हाटबजारको विकास गर्न प्रोत्साहन गरिनेछ । साथै पूर्व सहकारी शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गरी उत्पादनमुलक तथा श्रममा आधारित सहकारी संस्था स्थापना गर्न प्रोत्साहन गरिनेछ ।
५. हरित उद्यम विकासको लागि नगर क्षेत्रका बाँझो तथा सार्वजनिक जग्गालाई लिजमा उपलब्ध गराई सहकारी मार्फत फलफुल खेती, पुष्पखेती, बहुवर्षीय बाली तथा नर्सरी प्रवर्द्धन कार्यक्रममा जोड दिईनेछ ।
६. सहकारी संस्थाहरुको नियमित तथा सघन अनुगमनबाट संस्थागत सुशासन कायम गर्दै संचालनमा देखिएका समस्या समाधानका लागि आवश्यक नियमन गरिनेछ ।

७. सहकारी प्रणालीलाई उद्यमशीलता विकास तथा कृषिको आधुनिकीकरणमा परिचालन गरिनेछ । सहकारी संस्थाको नेतृत्वमा कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणको कार्यक्रम सञ्चालन गरिनेछ । सहकारी मार्ट स्थापना र संचालनमा प्रोत्साहन गरिनेछ ।

८. सहकारी प्रवर्द्धन तथा संस्थागत सुदृढीकरण कार्यक्रम मार्फत नमुना सहकारी संस्था विकास कार्यलाई जोड दिईनेछ । नगर भित्र संचालनमा रहेका सहकारी संस्थाहरु मध्ये उत्कृष्ठ कार्य गर्ने संस्थालाई पुरस्कृत गरिनेछ ।

९. नगरक्षेत्रभित्र आयोजना हुने महोत्सवहरुलाई भव्य रुपमा सञ्चालन गर्न आवश्यक समन्वय र सहयोग गरिनेछ ।

१०. नगरपालिकाले उठाउने सबै प्रकारका करहरुको दर भन्दा दायरा वृद्धि गरी प्रगतिशील कर प्रणाली लागु गरिनेछ । कर शिक्षा अभियान संचालन गर्ने, सबै व्यवसायहरुलाई दर्ता तथा अभिलेखीकरण सरल बनाउने जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११. स्थानीय हस्तकलाको प्रवर्द्धनका लागि कोशेली घर मार्फत बजारीकरणको व्यवस्था मिलाईनेछ ।

१२. उद्योग व्यवसायमा पर्न सक्ने सम्भावित जोखिम तथा क्षतिबाट राहत पुर्याउन निर्जिवन बीमा कार्यक्रममा समावेश गराउन नगरपालिकाको मध्यस्थतामा उद्योग व्यवसायको बीमा कार्यक्रममा सहजिकरण गरिनेछ । यसको लागि आवश्यक अध्ययन गरी कार्यविधि तयार गरिनेछ ।

१३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत श्रममा आधारित युवा रोजगारका लागि रुपान्तरण पहल आयोजना र विपन्न वर्गका व्यक्तिहरुका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरी रोजगारी प्रदान गरिनेछ ।

१४. नगर क्षेत्रमा कृषि प्रवर्द्धनका लागि किसानहरुलाई उन्नत जातको बाली लगाउन प्रोत्साहन गरिनेछ ।

१५. आयात प्रतिस्थापनका लागि आलु, प्याज, लसुन तथा फलफुल उत्पादन गर्ने किसानहरुलाई पहिचान गरी तिनलाई आवश्यक तालिम प्राविधिक ज्ञान दिलाई व्यवसायिक उत्पादनमा जोड दिईनेछ ।

१६. भान्सा घर पहिलो औषधालय भन्ने नारालाई सार्थक पार्न प्रत्येक घरमा करेसावारीरकौशीखेती प्रवर्द्धनका लागि जोड दिईनेछ । यसका लागि अनुदानमा विरुवारबिउँरमल वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. नगरक्षेत्रभित्र कृषि उपज उत्पादनमा प्रयोग भैरहेको रासायनिक बिषादीलाई न्यूनीकरण गर्न विभिन्न प्रचारात्मक कार्यक्रमहरु र विभिन्न प्राङ्गारिक खेती प्रवद्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. किसानहरुको लागत सहभागिता हुने गरी अनुदानमा उन्नत जातको धान, गहुँ, मकै, तोरी तथा फलफुलको विरुवा वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

१९. कृषि समुह, फर्म स्थापना तथा कृषि सहकारीमा पहुँचमा प्राथमिकता दिई त्यस्ता समूह, फर्म, सहकारीसंगको सहकार्यमा किसान प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. पशुपन्छीमा लाग्ने रोग तथा प्रकोप रोकथामको लागि निशुल्क खोप कार्यक्रमलाई निरन्तरता दिईएकोछ ।

२१. सामुहिक व्यवसायिक कृषि तथा पशुपालन गर्ने संस्था वा सहकारी वा समूहहरुलाई विभिन्न प्रकारका समपुरक अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

२२. कृषि समुह, कृषि सहकारीहरुलाई पशुको नश्ल सुधारको लागि उन्नत जातका बोका, माछापालनका लागि भुरा तथा दाना आदि अनुदानमा वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२३. कृत्रिम गर्भाधानलाई प्रवर्द्धन गर्न किसानको लागत न्यून हुनेगरी घरदैलोमा कृतिम गर्भाधान कार्यक्रम सञ्चालन गरिनेछ । व्यवसायिक पशुपालनमा लागेका किसानलाई गोठ तथा भकारो सुधार कार्यक्रम मार्फत अनुदान उपलब्ध गराईनेछ साथै चाराकटर तथा अन्य उपकरण खरिद गरी अनुदानमा उपलब्ध गराईनेछ ।

२४. खुला बधशालालाइ निरुत्साहित गर्दै व्यवस्थित बधशाला निर्माण गर्नका लागि अवश्यक सहयोग गरिनेछ ।

२५. किसानहरुको सूचीकरण र वर्गीकरण कार्यलाई निरन्तरता दिइनेछ

२६. कृषि उत्पादन वृद्धि र विविधिकरणमा सहयोग गरिनेछ ।

२७. कृषि उद्यम विकास सेवा केन्द्र स्थापना गरिनेछ ।

२८. नाफामुलक कृषि उद्यम विकास योजना निर्माण गरिनेछ ।

२९. आयात प्रतिस्थापन बढी आयात हुने कृषिबाली वस्तु उत्पादन क्षेत्रको निर्धारण, बजारमुखी व्यावसायिक योजना विकासमा सहयोग गरिनेछ ।

३०. गुणस्तरीय बीउ– विजन, पशुपन्छी नश्ल तथा माछा भुराको उपलब्धताको सुनिश्चितता गरिनेछ ।

३१. रासायनिक मल गोदाम निर्माण र न्यायिक वितरणको सुनिश्चितता गरिनेछ ।,

३२. प्राथमिकता प्राप्त क्षेत्रमा सतही, सौर्य, लिफ्ट, भूमिगत सिँचाई तथा नविनतम प्रविधिमा आधारित साना सिँचाइ पूर्वाधार विकासको कार्यक्रम,विद्यमान ठूला सिँचाई आयोजना तथा समुदाय– व्यवस्थित सिँचाइ आयोजनका संरचनाको मर्मत
सम्भार, पुनः निर्माण गरिनेछ ।

३३. कृषि उपज तथा पशुपन्छी उत्पादन र मत्स्यपालन कार्यका लागि निःशुल्क विद्युतको सुनिश्चतताको लागि पहल गरिनेछ ।

३४. सौर्य सिँचाई तथा सौर्य कृषि प्रवद्र्धन गर्न सौर्य पूर्वाधार जडान गर्न सहयोग गरिनेछ ।

३५. कृषि बजारीकरण उत्पादन योजना र बजार योजना सहितको साना कृषि बजार पुर्वाधारको विकास गरिनेछ ।

३६. संरक्षण माटोको म्यापिङ नियमित रुपमा अध्यावधिक गरी गुणस्तर वृद्धिका लागि एकीकृत खाद्य तत्व तथा दिगो माटो व्यवस्थापन गरिनेछ ।

३७. कृषि उत्पादन तथा प्रशोधनमा असल कृषि अभ्यास तथा असल उत्पादन अभ्यास पद्यतिको कार्यान्वयन कार्य अगाडी बढाइनेछ ।

३८. प्राविधिक जनशक्ति विकास तथा कृषि प्रविधि प्रसारपालिकामा न्यूनतम एक– एक जना कृषि तथा पशुपन्छी/भेटेनरी अधिकृत दरबन्दी र निरन्तर क्षमता विकासको व्यवस्था गरिनेछ ।

३९. थप लगानी र नवीनतम कृषि प्रविधि विकास तथा प्रसार र कृषि पूर्वाधार विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय नीजि क्षेत्र तथा गैरसरकारी निकायहरुसँग समन्वय गरि अगाडी बढ्ने छ ।

४०. सहकारी क्षेत्रमा सुशासन कायम गरी मर्यादित बनाउन स्थानीय स्तरमा प्रभावकारी नियमन गरिनेछ ।

४१. कृषिजन्य वस्तु मल, विउ, यन्त्र, उपकरण आदि सहकारी सङ्घ संस्था मार्फत विक्री वितरण गर्ने व्यवस्थालाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

ख. सामाजिक विकास तर्फः

सार्वजनिक सेवा प्रवाहलाई सहज बनाउन नगर, वडा, आधारभूत स्वास्थ्य केन्द्रको पूर्वाधार समयानुकुल निर्माण गरिनेछ । भौतिक प्रगतिबाट आर्थिक विकासको मापन हुने भएता पनि सर्वाङ्गिण विकासको लागि मानव विकास अपरिहार्य रहन्छ । रोग, शोक र भोकबाट उन्मुक्त नगरको निर्माणको लागि भौतिक र सामाजिक विकास संगसँगै हुन जरुरी छ र दिगो विकासको लागि यो अपरिहार्य पनि हो । आ.व. २०८०।८१ मा नगरको सामाजिक विकासको लागि देहायका नीति ,कार्यक्रम तथा बजेटहरु अवलम्वन गरिनेछ ।

१. नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना वमोजिम खानेपानीको सुनिश्चितता गरिनेछ ।
२. खेलकुद, भाषा, साहित्य, कला र संस्कृतिको अक्षयकोष स्थापना गरि यस क्षेत्रको विकासका लागि नगरपालिकामा रहेका सामाजिक संघ संस्थाहरुसंग समन्वय गरी कार्यक्रमहरु संचालन गरिनेछ ।
३. उपभोक्ताको स्वास्थ्य तथा हकहित अभिवृद्धि गर्न बजार अनुगमन कार्यलाई नियमित तथा प्रभावकारी बनाईनेछ ।
४. गैरसरकारी संस्थाहरुको नियमन गरी उनीहरुको भूमिकालाई उत्तरदायी बनाउदै सहकार्य गरिनेछ ।
५. नगरभित्र रहेका विद्यालयहरुको भौतिक पूर्वाधार विकासमा प्राथमिकता दिदै विद्यालयको भवन, पुस्तकालय, प्रयोगशाला, अपाङ्गतामैत्री पूर्वाधार निर्माण, बालमैत्री शौचालय, फर्निचर जस्ता पूर्वाधारमा लगानी बढाइनेछ । निर्माणाधिन सबै विद्यालयहरुको भवन निर्माण कार्य सम्पन्न गरिनेछ ।
६. नगर पुस्तकालय स्थापना गरि प्रविधिमैत्री र सुविधा सम्पन्न बनाईनेछ ।
७. शिक्षण सिकाइ कार्यलाई प्रभावकारी बनाउन संचार र अनुगमन व्यवस्थालाई निरन्तर प्रणालीको रुपमा विकसित गरिनेछ ।
८. विद्यालयको आर्थिक तथा अन्य व्यवस्थापनलाई चुस्त दुरुस्त र पारदर्शी बनाउनका लागि सबै सामुदायिक विद्यालयका अभिभावक, प्रधानाध्यापक र विद्यालय कर्मचारीहरुको लागि क्षमता विकासको व्यवस्था गरिनेछ ।
९. विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि गुणस्तरीयता दिवा खाजा कार्यक्रम लाई निरन्तरता दिइनेछ छ ।
१०. छात्राहरूका लागि विद्यालयमा नै गुणस्तरीय निःशुल्क सेनिटरी प्याडको व्यवस्था लाई निरन्तरता दिइनेछ छ ।
११. विद्यालयहरूमा आवश्यक न्यूनतम पूर्वाधार, पुस्तकालय, कक्षाकोठा, लैनिकमैत्री शौचालय तथा अपानमैत्री संरचनाहरूको व्यवस्था लाई निरन्तरता दिइनेछ छ ।
१२. माध्यमिक तहको विद्यालय सुधार योजना अन्तर्गत विषयगत शिक्षकहरूको अभावलाई पूर्ति गर्ने गरी दरवन्दीको व्यवस्था दिइनेछ छ ।
१३. दरबन्दीको अभाव भएका विद्यालयहरूमा स्नातक अध्ययन गरेका योग्य युवालाई उत्प्रेरित गरी स्वयंसेवक शिक्षकको रूपमा परिचालन गरिनेछ ।
१४. प्रतिस्पर्धाको आधारमा पूर्ण अधिकारसहित करार अवधि रहने गरी सबै विद्यालयमा जवाफदेहिता सहितको प्रधानाध्यापकको व्यवस्था को नीति लिइनेछ ।
१५. प्रधानाध्यापकको क्षमता अभिवृद्धिका लागि सेवा प्रवेश र सेवा अवधिभर नेतृत्व, क्षमता विकास, व्यवस्थापन तथा शिक्षण पद्धतिको तालिमको व्यवस्था गरिनेछ ।
१६. संस्थागत विद्यालयको वर्गीकरण, शुल्क निर्धारण, संस्थागत विद्यालय शुल्क मापदण्ड निर्देशिका जारि गरि र प्रचलित कानून वमोजिम गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

१७. संस्थागत विद्यालयले भर्ना भएका विद्यार्थीहरु मध्ये जेहन्दार विद्यार्थीलाई छात्रवृति अनिवार्य गरिनेछ । साथै पाठ्यक्रम विकास केन्द्रले तोके वमोजिमको पाठ्यपुस्तक कम्तिमा तीन वर्षसम्म परिवर्तन गर्न नपाउने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ ।

१८. बालविकास शिक्षक र विद्यालय कर्मचारीको क्षमता विकास तथा पारिश्रमिकलाई समयानुकुल बनाउदै विगतमा थप गरिएको पारिश्रमिकलाई निरन्तरता दिईनेछ ।

१९. विद्यालय उमेरमा हुने दुर्व्यसनको सिकारबाट बालबालिकाहरुलाई बचाउन चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. अतिरिक्त क्रियाकलापका माध्यमबाट विद्यार्थीहरुमा शिक्षण सिकाइका गतिविधिहरु सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।जसका लागि बुक रिभ्यु कन्टेस्ट, प्रतिभा प्रस्फुटन गराउन सामाग्री मार्फत प्रतिभा आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ । साथै विद्यार्थीको सर्वाङ्गिण विकासकालाई टेवा पुर्याउन राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता तथा अन्य प्रतियोगितात्मक कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२१. नगरभित्र संचालन हुने सवै खेलकुदको वार्षिक कार्यक्रम बनाई एकद्धार मार्फत खेलकुदको विकासमा सहयोग पुर्याइनेछ । स्वास्थ्यको लागि खेलकुद र राष्ट्रको लागि खेलकुद भन्ने नाराका साथ मेयर कप र उपप्रमुख महिला कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

२२. सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि शिक्षक दरबन्दी मिलान, प्रविधिमैत्री शिक्षक तालिम कार्यलाई प्राथमिकताका साथ संचालन गरिनेछ ।

२३. प्रत्येक सामुदायिक विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था गरिनेछ ।

२४. स्थानीय तहको शिक्षा विभागमा कार्यरत कर्मचारीले सबै विद्यालयमा कम्तीमा महिनाको एक पटक निरीक्षण र अनुगमन गर्ने व्यवस्था लागु गरिनेछ ।

२५. स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्र रही शिक्षा /स्वास्थ्य सम्बन्धि आवश्यक नीति, ऐन र नियम तयार गरिनेछ ।

२६. आवश्यक नदेखिएका विद्यालयहरूलाई समायोजन गर्ने योजना बनाइनेछ ,

२७. पालिकाले अवस्था र शिक्षा विकासको रणनीतिलाई ध्यानमा राख्दै स्थानीय सरकारले राष्ट्रिय मापदण्डभित्र पर्ने गरी शिक्षक नियुक्ति, शिक्षकको व्यावसायिक विकास, सरुवा आदिको आफ्नै नीति बनाउने छ ।

२८. विद्यालयको योजना र प्रस्तावको आधारमा स्थानीय तहले आफ्नो स्रोतबाट उचित विद्यालय सुधार र शैक्षिक कार्यक्रमको लागि विशेष अनुदान उपलब्ध गराउने छ ।

२९. धार्मिक विद्यालय मदरसा, गुम्बा, गुरुकुल जस्ता शिक्षालयको निःशुल्क दर्ता गरी आधुनिक सीपमूलक शिक्षालाई समेत समावेश गर्न उत्प्रेरित गर्ने छ ।

३०. शिक्षकको तालिम तथा पेशागत विकासमा ध्यान दिइनेछ ।

३१. संस्थागत विद्यालय र गैरसरकारी संस्था संस्थागत विद्यालयलाई गैरनाफामूलक वा सार्वजनिक गुठीमा आबद्ध हुन प्रोत्साहन गरिनेछ ।

३२. संस्थागत विद्यालयको गुणस्तरीयता र शुल्कमा नियमन र अनुगमन गरिनेछ ।

३३. संस्थागत विद्यालयमा भइरहेका राम्रा प्रयास, उत्कृष्ट व्यवस्थापकीय अभ्यासलाई सार्वजनिक विद्यालयको सुधारमा योगदान दिन सक्ने वातावरणको निर्माण गरिनेछ ।

३४. विपद् तथा महामारीको अवस्थामा सिकाई निरन्तरताका लागि क्षतिपुरण कार्यक्रम संचालन गरिनेछ ।

३५. उत्कृष्ट विद्यार्थी र विद्यालयलाई पुरस्कृत गरिनेछ साथै सेवानिवृत शिक्षकलाई सेवाको सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३६. सामुदायिक विद्यालयमा अध्ययनरत फरक क्षमता भएका विद्यार्थीहरुलाई शैक्षिक सामग्रीको व्यवस्था गरिनेछ । किशोरीहरुका लागि आत्मरक्षा सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

३७. नगर शैक्षिक रणनीतिक योजना तथा शिक्षा क्षेत्रमा आवश्यक कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ । नैतिक शिक्षा, राष्ट्र प्रेम जागृत गराउने, सरसफाई, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन सम्बन्धमा स्थानीय पाठ्यक्रममा समावेश गरी लागु गरिनेछ ।

३८. बालमैत्री स्थानीय शासन नगरपालिका घोषणाका लागि आवश्यक व्यवस्था मिलाईनेछ । मनरा शिसवा लाई महिलामैत्री नगरको रुपमा विकास गरिनेछ ।

३९. महिला, बालबालिका, जेष्ठ नागरिक, एकल महिला, युवा, मधेशी, आदिवासी, जनजाति, दलित, मुस्लिम, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति आदिलाई लक्षित गरी कार्यक्रमहरु संचालन गरिनेछ ।

४०. विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको सहयोगमा बालबालिका पुर्नस्थापना केन्द्र, ज्येष्ठ नागरिक मिलन केन्द्र, अशक्त स्याहार केन्द्र स्थापना र संचालनमा आवश्यक समन्वय गरिनेछ ।

४१. बालश्रम, बालविवाह वहुविवाह, दाईजोरदहेज, बोक्सी, छाउपडी जस्ता प्रथा रोकथाम तथा घरेलु हिंसा अन्त्यका लागि टोल विकास संस्था, नागरिक समाज, निजी क्षेत्र र गैरसरकारी संस्था संगको सहकार्यमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४२. मेयर सामुहिक विवाह कार्यक्रम मार्फत सामुहिक विवाह कार्यक्रमलाई प्रोत्साहन गरी फजुल खर्च नियन्त्रण गरिनेछ ।

४३. नगरको जातीय, भाषीक, सांस्कृतिक, तथा धार्मिक विविधता एवम् विशेषतालाई संरक्षण, प्रवर्द्धन गरिनेछ ।

४४. आर्थिक तथा सामाजिक दृष्टिले कमजोर तथा विपन्न वर्गका महिलाको आर्थिक सशक्तिकरण एवम् जीवकोपार्जनमा सहयोग पुर्याउन शीप विशेष कार्यक्रम लागु गरिनेछ ।

४५. वञ्चितिमा परेका सबै समुदायका किशोरीहरुका लक्षित आर्थिक सामाजिक विकासका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

४६. नगरक्षेत्रमा रहेका अपाङ्गता भएका सम्पूर्ण व्यक्तिहरुको हकहितको संरक्षण गर्दै सहयोग, सद्भभाव र अवसरको प्रदान गर्दै उनीहरुको मनोबल बढाउने र हौसला दिने कार्यक्रम सञ्चालन गरिनेछ साथै अपाङ्गता परिचयपत्र वितरण कार्यलाई सरलीकृत गरिनेछ ।

४७. सडक दुर्घटना न्यूनितकरण तथा ट्राफिक सचेतना, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी, लैङ्गिक हिंसा निवारण सम्बन्धी सचेतना कार्यक्रम तथा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस, अभियानहरु व्यवस्थित रुपले सञ्चालन गरिनेछ ।

४८. नगरपालिकाको सबै वडाहरुबाट क्रमश आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

४९. कोभिड १९ विरुद्धको खोप नगर भित्रका सबै जनसमुदायमा लगाईसकिएको र पूर्ण खोप सुनिश्चितताका लागि मापदण्ड अनुसार प्रकृया पूरा भैसकेकोले कोभिड विरुद्धको पूर्ण खोपयुक्त नगरपालिका घोषणा गरिनेछ ।

५०. नगरक्षेत्र भित्रका गर्भवती महिलाहरुलाई मापदण्ड अनुसार जाँच गराई संस्थागत सुत्केरी गराउने सुनिश्चितता गरिनेछ ।

५१. नगरपालिका भित्रका कुनै पनि गर्भवती, सुत्केरी आमा र शिशुलाई अकाल मृत्युबाट जोगाउन मातृमृत्यु तथा नवजातशिशु आकश्मिक कोषको स्थापना गरिनेछ । उपप्रमुख सुरक्षित मातृत्व प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५२. पोषण, सुरक्षित मातृत्व सम्बन्धी तथा अन्य आधारभूत स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गरिनेछ । बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत पोषणमैत्री स्थानीय शासन घोषणाका लागि आधार तयार गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

५३. नगरमा प्रजनन स्वास्थ्य, बालस्वास्थ्य, परिवार नियोजन, बिभिन्न खाले सर्ने, नसर्ने रोगहरु, पेशागत स्वास्थ्य, वातावरणीय स्वास्थ्य, मानसिक स्वास्थ्य सुर्तीजन्य र मदिराजन्य पदार्थ तथा लागुपदार्थको असर सम्बन्धी स्वास्थ्य, शिक्षा तथा सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५४. महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मीहरुको सेवालाई थप प्रभावकारी वनाउन प्रोत्साहन गरिनेछ । महिला स्वास्थ्य स्वयंसेविका, विपन्न वर्गका छोरीहरुका लागि निशुल्क स्वास्थ्य बिमा गर्ने व्यवस्था मिलाइनेछ । ८४ बर्ष भन्दा माथिका जेष्ठ नागरिक, असक्त महिलाको घरमै स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाइनेछ ।

५५. नगरवासीको स्वास्थ्यका लागि आयुर्वेदीक चिकित्सा पद्धतीको अभ्यास योग तथा ध्यान शिविर संचालन गर्न आवश्यक पहल गरिनेछ । साथै होमियोपैथिक चिकित्सा पद्धतीको विकास गर्दै लगिनेछ ।

५६. सन् २०२४ सम्म पूर्ण घटना दर्ता सुनिश्चित गर्ने नेपाल सरकारको लक्ष्य पूरा गर्न सबै किसिमका घटना दर्ता ३५ दिन भित्र दर्ता गर्न नगर क्षेत्रमा सचेतनामूलक कार्यक्रम तथा पूर्ण घटना दर्ता सुनिश्चितता तथा सामाजिक सुरक्षा भत्ताका लागि वडा भित्रका टोलटोलमा नाम दर्ता र नविकरणका लागि दर्ता शिविर सञ्चालन गरिनेछ ।

५७. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि कर्मचारी तथा जनप्रतिनिधिहरुलाई आवश्यक तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

५८. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई व्यवस्थित गर्न सेवा प्रदायक बैकसंगको समन्वय र सहकार्यमा असक्त, पूर्ण अपाङ्गता भएका तथा ८४ वर्ष उमेर पुगेका वृद्ध आमा बुवाहरुलाई भत्ता लिन बैक सम्म जानुपर्ने बाध्यता अन्त्य गर्दै घरदैलोबाट भत्ता प्राप्त गर्न सक्ने व्यवस्था मिलाईनेछ ।

५९. सुरक्षित आप्रवासन कार्यक्रम मार्फत नगरपालिकाको आप्रवासन प्रोफाईल निर्माण गरी बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई लक्षित गरी वित्तीय साक्षरता र मनोसामाजिक परामर्श कक्षा तथा शीप विकास तालिम सञ्चालन गरिनेछ ।

६०. युवाहरुले औपचारिक वा अनौपचारिक माध्यमबाट सिकेको सीपको परीक्षण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा उनीहरुको पेशाको पहिचान र समकक्षी मान्यता प्राप्त हुने व्यवस्थाका लागि सङ्घीय सरकारसँग समन्वय गर्ने ।

६१. निजी क्षेत्र, प्रदेश र सङ्घमा रहेका विभिन्न निकायहरुसँग समन्वय गरी युवाहरूलाई उनीहरुको चाहना, आवश्यकता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको वर्तमान र भविष्यमा हुनसक्ने माग अनुसारका प्राविधिक तथा व्यवसायिक शिक्षा, तालिम, सीप र सीपको विविधिकरण आदिमा सरिक गराउन सहयोग गर्ने ।

६२. लोकसेवा लगायत सार्वजनिक निकायमा रुची भएकालाई तयारी कक्षा, अन्य पेशा व्यवसायमा रुची भएकालाई तालिम उपलब्ध गराउने ।

६३. 'एक स्थानीय तह एक औद्योगिक ग्रामको अवधारणा अनुरुप कार्य अगाडी बढाउने ।

६४. स्थानीय तहलाई बाल– मजदुर र जबरन मजदुरी मुक्त बनाउने नीति अनुरुप कार्य अगाडी बढाउने ।

६५. श्रमिकको पञ्जिकरण र वैदेशिक रोजगारीबाट फर्की आएका श्रमिकहरुको अभिलेखीकरण गर्ने ।

६६.	योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा अनौपचारिक तथा स्वरोजगार श्रमिकलाई जोड्ने प्रबन्ध गर्ने ।

६७.	युवा– युवतीलाई निःशुल्क प्रजनन् स्वास्थ्य शिक्षा उपलब्ध गराइनेछ ।

६८.	महिलालाई गर्भावस्थामा निःशुल्क परीक्षण कार्यलाई निरन्तरता दिइनेछ ।

६९.	घरवारविहीन विपन्न गर्भवतीका लागि निःशुल्क आश्रय र पोषणको व्यवस्था गरिनेछ ।

७०.	सुरक्षित मातृत्व निःशुल्क संस्थागत सुत्केरी सेवा उपलब्ध गराइनेछ ।

७१.	सुत्केरी र नवजात शिशुको घर दैलोमा स्वास्थ्य सेवा गरिनेछ ।

७२.	निशुल्क खोप तथा पोषण तालिका शिशु स्याहार केन्द्र स्थापना गरिनेछ ।

७३.	शिक्षा घोकन्ते शिक्षा प्रणालीबाट सोच्ने, सोध्ने र सिक्ने शिक्षा प्रणालीको विकास गरिनेछ ।

७४.	स्वास्थ्य उपचारमा खल्तिको पैसा खर्च कम गर्ने व्यवस्था गरिनेछ ।

७५.	जेष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।

७६.	मृत्यु संस्कार नागरिक समुदाय र धर्म बमोजिमको बेग्लै अन्तिम संस्कारको लागि स्थान उपलब्ध गराई आवश्यक निर्माण कार्य अगाडी बढाइनेछ ।

७७.	सम्बन्धित स्थानीय तहको भाषा साहित्य र कलाको संरक्षण गरिनेछ ।

७८.	धार्मिक धरोहरको अभिलेखिकरण गरी संरक्षण सम्वद्र्धन गरिनेछ ।

७९.	चाड, पर्व, उत्सव, मेला, संगीत, नाच आदिको जगेर्ना गर्न स्थानीय युवालाई तालिम दिँदै जागरणका कार्यक्रम गरिनेछ ।

८०.	सबै जातजातिका परम्परागत जात्रा, पर्वको संरक्षण, सञ्चालन र व्यवस्थापन, विभिन्न समुदायमा प्रचलित हिंसा, कुरिती, विभेदकारी प्रथालाई बन्देज लगाइनेछ ।

८१.	स्थानीय कला संस्कृतिको जगेर्ना गर्न चाडपर्व, उत्सव, मेला, संगतीको जगेर्ना ।

८२.	खेलकुद पार्क, व्ययामशाला, रंगशाला निर्माण कार्यलाई मुर्तरूप दिने, एक स्थानीय तह एक खेलकुद मैदान निर्माण कार्य अगाडी बढाइनेछ ।

८३.	क्रिकेट, फुटबल, भलिबल लगायतका खेलकुदलाई उचित प्रोत्साहन दिने, खेलकुदमा लगानी भनेको स्वास्थ्यमा लगानी घटाउनु हो भन्न बुझेर लगानी गरिनेछ ।

८४.	क्रिकेट, भलिवल, फुटवल, ब्याटमिन्टन लगायतका खेलको तालिम सञ्चालन, शारीरिक, मानसिक विकासका लागी खेलकुद क्लबको स्थापना गरिनेछ ।

८५.	ल्याण्डफिल साइट बनाउन एकडारा तथा सम्सी गा.पा. संग सहकार्य गरि अगाडी बढ्ने ।

८६.	" फोहरबाट मोहोर " कमाउन कुहिने फोहरबाट जैविक मल र ऊर्जा उत्पादन एवं नकुहिने फोहरलाई उचित ढनले पुनर्प्रयोग गर्ने ब्यबस्था मिलाउन तर्फ अगाडी बढ्ने ।

८७.	समुदायसँगको सहकार्यमा स्थानीय सार्वजनिक क्षेत्र, सडक, धार्मिक स्थल, पुरातात्विक तथा पर्यटकीय स्थल, पानीको मुहान, नदीनाला ,पोखरी एवं ताल तलाउको नियमित सरसफाइ गर्ने, पानीको मुहान, नदीनाला एवं ताल तलाउमा नियमित सरसफाई गर्न अभियानको रुपमा अगाडी बढ्ने ।

ग.पूर्वाधार विकास तर्फ :-

१. कृषि हाटबजारको बहुउद्देश्यीय भवन, मनरा शिसवा खेलमैदानका लागि नगरका गौरवका योजनाको रुपमा राखी उक्त योजनाहरुको पूर्वाधार निर्माणका लागि सम्बन्धित निकायहरुसँगको सहकार्यमा बजेटको सुनिश्चितता गरिनेछ ।

२. नगर क्षेत्रभित्र चक्रपथ ( Ring Road ) निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

३. बिभिन्न दातृ निकायहरुको सहयोगमा नगरपालिकासँग सीमाना जोडिएका छिमेकी पालिकाहरुसँगको समेत सहकार्यमा नगरको सर्वोत्तम हित हुने गरी पूर्वाधार विकासका कार्यक्रम संचालनका लागि आवश्यक पहल गरिनेछ ।

४. मेयर आवास कार्यक्रम अन्तर्गत बिपन्न वर्गको सुरक्षित आवास कार्यक्रमको लागि बजेट ब्यबस्थापन गरिने छ ।

५. ठूला पूर्वाधारहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गरी आयोजना बैंक मार्फत प्राथमिकतापूर्ण योजनामा लगानी गर्ने नीतिलाई निरन्तरता दिइनेछ । स्थानीय जनसहभागिता नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

६. निर्माण सामाग्री र फोहरमैला ढुवानी गर्ने सवारी साधनलाई वातावरणमा प्रतिकुल असर नपर्ने गरी निर्धारित मापदण्ड अवलम्बन गर्नु पर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

७. नगर क्षेत्रभित्र संचालन भएका ठेला, ईरिक्सा तथा तिनपाङ्ग्रे सवारी साधनलाई व्यवस्थित गरिनेछ ।

८. सडकमा कालोपत्रे वा आर.सि.सि /पि.सि.सि गर्दा सडकका प्रारम्भिक संरचनाहरु तयार गरेर मात्र कालोपत्रे वा आर.सि.सि /पि.सि.सि गर्ने नीति लिइनेछ ।

९. सडक, नाली, खानेपानी, सिंचाइ, सामुदायिक भवनहरु जस्ता पूर्वाधारहरु सबै वडामा आवश्यकता र औचित्यताका आधारमा निर्माण गरिनेछ । एक पथ एक सार्वजनिक चापा कल कार्यक्रम शुरुवात गरिनेछ ।

१०. सडक, सडक पेटीमा राखिएका सामानहरु तथा अव्यवस्थित पार्किङ्गलाई नियमित गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

११. विद्युत, इन्टरनेटका तार ब्यस्वस्थित गर्ने लगायतका शहरी शौन्दर्यीकरण कार्यक्रम संचालन गरिनेछ । जडान भएका ट्राफिक लाईटलाई प्रभावकारी रुपमा संचालन गर्दै थप स्थानमा ट्राफिक लाईट जडान गरिनेछ ।

१२. वडा तथा नगरमा सञ्चालन हुने कार्यक्रमहरु प्रचलित कानून वमोजिम वडा तथा नगरस्तरीय अनुगमन समितिबाट अनुगमन गरी प्रभावकारी बनाइनेछ ।

१३. सार्वजनिक सम्पत्ति संरक्षण गर्न विशेष जोड दिइनेछ । सामाजिक संस्थाहरु समेतको सहकार्यमा अनधिकृत रुपमा सार्वजनिक सम्पत्ति अतिक्रमण गर्ने कार्यलाई रोकिनेछ ।

१४. बिकास निर्माण कार्यमा साना टुक्रे योजनाहरुलाई निरुत्साहीत गर्दै ठूला र देखिने खालका योजना संचालन गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।

१५. घर नक्सा पास गर्दा भवन आचार संहिता २०७२ लाई कडाईका साथ पालना गरिनेछ । पुराना नक्साको डिजिटाईजेशन र सडक जि.पी.एस. प्रणाली शुरु गरिनेछ ।

१६. नगरमा जग्गाको उपयोगको आधारमा वर्गीकरण गरिनेछ ।साथै नगरका सम्भाव्य क्षेत्रमा जग्गा एकीकरण आयोजना संचालन गर्न आवश्यक कार्य गरिनेछ ।

१७. अनियन्त्रित शहरीकरण नियन्त्रणका लागि हरेक स्थानीय तहमा भूउपयोग योजना बनाई कडाईका साथ लागू गर्दै व्यवस्थित बस्ती, कार्यालय, शैक्षिक संस्था, अस्पताल, खेतीयोग्य जमीन, उद्योग, कलकारखाना, खेलकुद पूर्वाधार आदि उचित स्थानमा राख्ने योजना बनाइनेछ

१८. पूर्वाधारहरुको उचित व्यवस्थापनको लागि स्थानीय तह सुहाउँदो भवन निर्माण संहिता तयार गरी कडाईका साथ बस्तीको प्रारुप तयार गरिनेछ ।

१९. भूकम्प प्रतिरोधी संरचना निर्माणको सीप प्रदान गरी त्यस्ता दक्ष जनशक्तिबाट मात्र निर्माण गर्ने ब्यबस्था मिलाइनेछ ।

२०. सबै स्थानीय तहहरुको जिआइएस म्यापिङ ( GPS Mapping )गरी स्थानीय स्रोत साधनको दुरुस्त अभिलेखीकरण गर्ने र खुल्ला जग्गा, पोखरी तथा अन्य स्रोतको अभिलेखीकरण गरी माटो सुहाउँदो योजना बनाई नगर क्षेत्रको आर्थिक खाका तयार गरिनेछ ।

२१. स्थानीय सामग्रीहरु प्रयोगलाई प्रोत्साहन गरी स्थानीय वातावरण अनुसार भवन तथा पूर्वाधार निर्माण गर्ने प्रबिधिको विकाश गरिनेछ ।

२२. ग्रामीण क्षेत्र र पालिका केन्द्रलाई जोड्ने सडक उन्नतिकरणलाई विशेष प्रथामिकता दिईनेछ ।

२३. सडक पूर्वाधारको गुणस्तर र मर्मतमा विशेष ध्यान दिने र सडक दुर्घटनाको न्यूनीकरणका निम्ति 'सडक सुरक्षा निर्देशिका तयार गरि कडाईका साथ लागू गरिनेछ ।

२४. आगामी तीन बर्षभित्र आवश्यक सम्पूर्ण झोलुने पुलको निर्माण सम्पन्न गर्ने र आवश्यकता र माग अनुसार विशेष प्रकृतिका पर्यटकीय महत्व पोखरी सौन्दरिकरण गरिनेछ ।

२५. स्थानीय तहहरुलाई हरित पालिकाको रुपमा विकाश गर्ने , रुखहरुको संरक्षण, वृक्षरोपण, घाँसे मैदान वृद्धि, पोखरीहरुको संरक्षण र विस्तार लगायत चोकहरुको संरक्षण गर्ने , सिचाईका नहरहरुको सर सफाइमा विशेस ध्यान दिइनेछ ।

२६. प्रत्येक वडामा 'एक वडा, एक खुला क्षेत्रको अवधारणा अनुसार बालबालिकाको लागि खेल्ने स्थान, ज्येष्ठ नागरिकहरुलाई विश्राम स्थल र आम नागरिकलाई पार्क एवं विशेषतः शहरी क्षेत्रमा जमीनमुनि पानी रिचार्ज गराउन ठूलो मद्दत गर्ने खुला क्षेत्र निर्माण वा विद्यमान खुला क्षेत्रको स्तरोन्नति गरिनेछ ।

२७. सरोकारवालाहरुसँगको सहकार्यमा प्रत्येक टोलमा सुलभ, सफा र व्यवस्थित शौचालय निर्माण गर्ने ।

२८. सौर्य लगायत नवीकरणीय उर्जाको प्रवद्र्धन गर्ने ।

२९. हरेक घरमा विद्युतीय ऊर्जावाट खाने पकाउने प्रविधिको प्रयोग बढाउने गरी कार्यक्रमहरु लागू गरिनेछ ।

३०. आकाशे पानीलाई पोखरी बनाएर वा स– साना नदी वा खोल्सीमा बहाव नियन्त्रित गरी भूक्षय कम गर्दै उचित व्यवस्थापन गरी पानी रिचार्ज गर्ने व्यवस्था मिलाइनेछ ।

३१. एक टोल तह एक पोखरी, एक बस्ती एक पार्क, एक घर नर्सरी, एक घर फूलवारी अभियानलाई हरियाली प्रवद्र्धन गर्न बिरुवाहरु निःशुल्क वितरण गरिनेछ ।

३२. यस पालिकामा आधारभूत अस्पाताल भवन र सबै वडामा स्वास्थ्य चौकी भवन निर्माण कार्य निरन्तरता दियेनेछ ।

३३. एक गाउँ एक व्यवसायिक उत्पादन र कृषि उपज सङ्कलन केन्द्रको निर्माण गर्ने ।

३४. टोलका सबै सार्वजनिक क्षेत्र, सरकारी कार्यालय, अस्पताल, शैक्षिक संस्था आदि अपांगतामैत्री बनाउने ।

३५. प्रत्येक गाउँमा सामुदायिक भवन र गाउँ मिलनकेन्द्र निर्माण गर्ने ।

३६. खानेपानी र सिँचाई जमीनमुनिको पानीको सतहको मुल्याङ्कन गरी डीप बोरिन मार्फत तथा नजिकै रहेको स्रोतलाई उपयोग गरी घर घरमा शुद्ध खाने पानी वितरण प्रणालीको व्यस्थापन गरिनेछ ।

३७. सिँचाई हुन सम्भाव्य सबै जमीनमा बाह्रै महिना सिँचाई हुनेगरी कृषिमा विशेष कार्यक्रम सञ्चालन गर्ने ।

३८. पलिकलाई सूचना र सञ्चार प्रविधिमैत्री बनाइनेछ ।

३९. पालिकाको सबै टोल र गाउँमा इन्टरनेटको सुविधाको विकास गरिनेछ ।

४०. विपद व्यवस्थापन भविष्यमा आइपर्ने विपद व्यवस्थापन र पूर्व तयारीको लागि हरेक वडामा 'विपद कोष÷को स्थापना लगायत व्यवस्थापनको लागि चाहिने उपकरण, औजार एवं दक्ष जनशक्ति सहितको द्रुत सहायता कक्ष को स्थापना गरिनेछ ।

घ. वन वातावरण तथा विपद् व्यवस्थापन तर्फः-

१. नगरलाई Clean city, Geeen City, Eco-friendly City को रुपमा विकास गरिनेछ। मनरा शिसवा लाई सधैं हराभरा तथा वातावरणीय सन्तुलन राख्न नगर क्षेत्र भित्र रहेका सार्वजनिक स्थलहरुमा वृक्षारोपण कार्यक्रमलाई अभियानकै रुपमा संचालन गरिनेछ ।
२. सफा र स्वच्छ नगर निर्माणका लागि टोल विकास संस्था, आमा समूह तथा सबै नगरबासीहरुको सहभागितामा कार्यक्रम सञ्चालन गरिनेछ । फोहरको दिगो व्यवस्थापनका लागि विभिन्न दातृ निकाय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसंग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ । घरघरबाट निस्कने फोहरको स्रोतमै वर्गीकरण गरी व्यवस्थापन गरिनेछ।
३. नगर क्षेत्र भित्रका सडकहरुमा विशेष खालका सडक बत्तिहरुको व्यवस्था गरिनेछ ।
४. वातावरण संरक्षण, विपद् व्यवस्थापनको लागि व्यापक रुपमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ । विपदमा परेकालाई तत्काल उद्धार राहत र सहयोगको कार्यक्रम संचालन गरिनेछ । सवै किसिमका विपद् व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोषमा आवश्यक रकम बन्दोवस्त गरिनेछ ।
५. वातावरणीय सन्तुलनलाई दिगो बनाउन नगर क्षेत्र भित्र चालिस माईक्रोन भन्दा कमका प्लाष्टिकको प्रयोग पूर्ण निषेध गर्ने र प्लाष्टिकको प्रयोगलाई निरुतसाहित गर्न कपडाको झोला बनाउने शीप तथा तालिम दिई उत्पादित झोला दैनिक प्रयोगको लागि वितरण गरिनेछ ।
६. नगर क्षेत्र भित्रका सबै सडक नाला तथा सार्वजनिक शौचालयको नियमित सरसफाई गर्नुका साथै आवश्यक कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।
७. सर्वपक्षीय र छिमेकी पालिकाहरुसंगको समन्वय र सहकार्य मार्फत फोहरमैला व्यवस्थापन केन्द्र स्थापनाका लागि आवश्यक कार्य गरिनेछ ।
८. विभिन्न घाट तथा कब्रस्थानको व्यवस्थापन र हरियाली गर्ने नीति अवलम्बन गरिनेछ । वातावरणीय संरक्षण, पार्क निर्माण, जैविक विविधता संरक्षण लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
९. ध्वनि प्रदुषण, वायु प्रदुषण, जल प्रदुषण, माटो प्रदुषण आदिको नियन्त्रण तथा न्यूनीकरणका लागि आवश्यक प्रयास गरिनेछ ।
१०. प्रतिरोधी घर निर्माणको लागि सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ् । निर्माण कार्यसंग सम्बन्धितलाई तालिम दिने कार्यलाई निरन्तरता दिइनेछ ।
११. आगलागी जस्तो विपदबाट बच्न बरुणयन्त (दमकल) का लागि छिमेकी पालिकाहरुसंगको सहकार्य गरिने छ ।
१२. विभिन्न संघ संस्थाको सहयोगमा छाडा पशु चौपायाहरुको व्यवस्थापन गरिनेछ ।छाडा चौपायाको व्यवस्थापनको लागि नगरपालिका भित्र कान्जी हाउस निर्माण गरी संचालन गरिनेछ ।
१३.

ङ. सुशासन तथा संस्थागत विकास तर्फः-

१. नगरको एकीकृत शहरी विकास योजनालाई अध्यावधिक तथा परिमार्जन गरिनेछ । नगरको एकीकृत शहरी विकास योजनाको आधारमा अल्पकालीन मध्यकालीन र दीर्घकालीन योजनाहरु तय गरी योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
२. स्थानीय तहको एकल अधिकारको सूचि र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकाको क्षेत्राधिकार भित्रका विषयमा सम्पादन गर्नुपर्ने कार्यहरु विद्यमान कानूनी व्यवस्था बमोजिम सम्पादन गरिनेछ । आवश्यकता अनुरुप थप कानूनहरु निर्माण गरी कार्यान्वयन गर्दै लगिनेछ ।
३. न्यायिक समितिको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक संस्थागत विकास तथा क्षमता अभिवृद्धिका कार्यक्रम तय गरिनेछ । वडामा गठित मेलमिलाप केन्द्रको सुदृढीकरण र मेलमिलापकर्ताको क्षमता विकासका कार्यक्रमको व्यवस्था गरिनेछ । विवाद समाधानको वैकल्पिक उपाय एवम् मेलमिलाप सम्बन्धी विद्यमान प्रकृयालाई थप स्पष्ट र सरल तुल्याईनेछ ।
४. न्यायिक समितिमा सर्वसाधारण नागरिकको पहुँच अभिवृद्धि गर्दै हिंसा पिडित, महिला, अपाङ्गता भएका, दलित, बालबालिका र ज्येष्ठ नागरिकलाई सरोकारवालाहरुको सहकार्य र समन्वयमा निःशुल्क कानूनी परामर्शरसहायता उपलब्ध गराईनेछ ।
५. न्यायिक समितिमा मुद्धाको लागि आउने वादीरप्रतिवादीहरु मध्ये अति विपन्न, ज्येष्ठ नागरिक अपाङ्ग, एकल महिलाहरुलाई मुद्धारप्रतिउत्तर दर्ता गर्दा लाग्ने शुल्क मिनाहालाई निरन्तरता दिई न्यायमा कमजोर वर्गको पहुँच स्थापित गरिनेछ ।
६. नगरको सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज, पारदर्शी, मितव्ययी र अनुमानयोग्य बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग, दक्ष र यथेष्ट कर्मचारी व्यवस्थापन सहित नागरिक सन्तुष्टि सर्वेक्षण गरिनेछ ।
७. कर्मचारीहरुलाई Right person in right place को नीति बमोजिम जिम्मेवारी प्रदान गरिनेछ । योग्यता, क्षमता, अनुभव, विज्ञताको आधारमा कर्मचारीहरुको आन्तरिक व्यवस्थापन गरिनेछ ।
८. शाखा प्रमुखहरुसंग कार्यसम्पादन करार गरी नतिजामुखी कार्यसम्पादनमा जोड दिईनेछ ।
९. कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकासका अवसरहरु सबैमा समान रुपमा उपलब्ध हुने अवसर मिलाईनेछ । कर्मचारीको मनोबल उच्च बनाई राख्न कार्यसम्पादनमा आधारित मौद्रिक उत्प्रेरणाको व्यवस्था गरिनेछ ।
१०. वडा कार्यालय र नगर कार्यपालिकाको कार्यालयको कार्यसम्पादनलाई पारदर्शी र जवाफदेही तुल्याई सुशासन प्रवर्द्धन, साझा सरोकारका बिषयमा छलफल गर्न सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षणका कार्यक्रम सञ्चालन गरिनेछ ।
११. नगरपालिकाका गतिविधिहरु नगरबासीहरुसम्म पुर्याउन, पैरवी गर्न र सम्पादित कार्यहरुलाई जनताको बीचमा ल्याउन सञ्चार क्षेत्रसंग हातेमालो गर्दै सहकार्यलाई निरन्तरता दिइनेछ ।
१२. मनरा शिसवा नगरपालिकामा दर्ता भई सञ्चालनमा रहेका रेडियो, टिभि, पत्रपत्रिका, प्रेस क्लब, अनलाईन पत्रिकालाई आवश्यक सहयोग गरिनेछ । नियमित रुपमा पत्रकार भेटघाट कार्यक्रम मार्फत नगरका गतिविधिहरु नगरवासीहरु समक्ष पुर्याइने छ ।
१३. जनताबाट संकलित करको सम्मान गर्दै सार्वजनिक खर्चलाई उत्पादनमुलक र उपलब्धिमुलक बनाउदै सार्वजनिक खर्चमा मितव्ययिता ल्याउन आन्तरिक नियन्त्रण प्रणाली अवलम्बनमा जोड दिइनेछ ।
१४. राष्ट्रिय तथा अन्तराष्ट्रिय पद्धतीको अनुभव आदान प्रदानका लागि भगिनी सम्बन्ध स्थापनामा जोड दिइनेछ ।

नगर सभा सदस्यज्यूहरु

संघीयता कार्यान्वयन संगै निर्वाचित अघिल्लो नगर कार्यकालमा भएका संस्थागत, संरचनागत, नीतिगत विकासले हामीलाई व्यवस्थित तवरले कार्यसम्पादन गर्न आधार तयार भएको छ । कार्यसम्पादनका लागि आवश्यक कानूनको प्रबन्धले नगरपालिकाको सेवा र विकासको प्रवाहलाई थप गति दिनेछ भन्ने विश्वास लिएका छौं । हामीलाई यस कार्यमा निरन्तर राय सल्लाह र सहयोग गर्ने सबैमा हार्दिक आभार प्रकट गर्दै उच्च मुल्यांकन गर्दछु । यसै क्रममा आर्थिक बर्ष २०८०।८१ को बार्षिक नीति ,कार्यक्रम तथा बजेट तयारीको क्रममा सुझाव तथा सल्लाह प्रदान गर्नुहुने यस क्षेत्रबाट प्रतिनिधित्व गर्नुहुने संघ तथा प्रदेशका माननीय सभासद्ज्यूहरु, सबै राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, बिभिन्न सरकारी एवं गैर सरकारी निकायका प्रमुख एवं प्रतिनिधीज्यूहरु, नागरिक समाजका अगुवा, पत्रकार मित्रहरु, नगरपालिकाका सबै कर्मचारीहरु लगायत सम्पूर्ण नगरवासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

अन्तमा यो गरिमामय नगरसभामा आगामी आ.व. २०८०।०८१ को अनुमानित प्रस्तावको आय– व्ययको विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु ।

## आगामी आ.व.२०८०/८१ को अनुमानित प्रस्तावित बजेट

| क.स. | शिर्षक | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|---|
| **क.** | **पालिकाको आन्तरिक श्रोत बाट प्राप्त हुने** | | | १ करोड |
| | | | **क.को जम्मा** | **१ करोड** |
| **ख .** | **संघीय सरकार बाट प्राप्त हुने** | | | |
| १ | समानीकरण अनुदान (२६३३१ ) | १३ करोड ४५ लाख | | १३ करोड ४५ लाख |
| २ | शसर्त अनुदान (२६३३६ ) | २१ करोड ७३ लाख | ५० लाख | २२ करोड २३ लाख |
| ३ | राजश्व बाँडफाड | १० करोड ७५ लाख ३६ हजार | | १० करोड ७५ लाख ३६ हजार |
| ४ | विशेष अनुदान | | | २ करोड |
| ५ | समपुरक अनुदान | | ७० लाख | ७० लाख |
| | **ख .को जम्मा** | | | ४९ करोड १३ लाख ३६ हजार |
| **ग.** | **प्रदेश सरकार बाट प्राप्त हुने** | | | |
| १ | समानीकरण अनुदान | १ करोड ७६ हजार | - | १ करोड ७६ हजार |
| २ | विशेष अनुदान | ३० लाख | | ३० लाख |
| ३ | समपुरक अनुदान | | २० लाख | २० लाख |
| | **ग .को जम्मा** | | | २ करोड २६ लाख |
| | **कुल जम्मा (क+ख+ग )** | | | **५२ करोड ३९ लाख ३६ हजार** |

( कुल जम्मा रकम रु ५२ करोड ३९ लाख ३६ हजार मात्र )

**मोहन पाण्डेय**
**नगर प्रमुख**